नेपाल सरकार

शिक्षा मन्त्रालय

# पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुर

## सिलबन्दी बोलपत्रआह्वानको सूचना

(गोरखापत्रमा सूचना प्रकाशित मिति २०६५ कात्तिक १२ गते)

यस केन्द्रको सबैका लागि शिक्षा कार्यक्रमअन्तर्गत कक्षा ३ को शिक्षक निर्देशिका स्पेसिफिकेसनअनुसार छपाई गर्नुपर्ने भएकाले इजाजत प्राप्त मूल्य अभिवृद्धि करमा दर्ता भएका इच्छुक प्रेसहरूबाट देहायका सर्तबमोजिम रितपूर्वकको सिलबन्दी बोलपत्रआह्वान गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएकोछ ।

**तपसिल**

१. बोलपत्रको लागि फर्म दर्ता तथा मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्रको प्रतिलिपि सहित रु. १०००।- (फिर्ता नहुने) बुझाई यस केन्द्र वा शिक्षा मन्त्रालयबाट खरिद गर्न सकिने छ । सो बोलत्रमा दररेट भरी सहीछाप गरी सिलबन्दी गरेको र खाम बाहिर ***कक्षा ३ को शिक्षक निर्देशिका मुद्रणको बोलपत्र*** भनी उल्लेख भएको हुनुपर्नेछ ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिनभित्र बोलपत्रखरिद गरी सक्नुपर्नेछ ।

३. बोलपत्रमा सामानको दररेट अङ्क र अक्षरमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

४. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिनको १.०० बजेभित्र बोलपत्र यस केन्द्रमा दर्ता गराई सक्नुपर्नेछ । म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरू सोही दिनको २ बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहवरमा यस केन्द्रमा खोलिने छ । बोलपत्रदाता वा निजका प्रतिनिधिहरू उपस्थित नभएमा पनि बोलपत्रखोल्न कुनै बाधा पुग्नेछैन ।

५. बोलपत्रखरिद गर्ने अन्तिम दिन वा दर्ता गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट उक्त कार्य गरिने छ ।

६. जमानत वापत बोलपत्रसाथ कबोल अङ्कको २.५% बराबरको रकमको कम्तिमा ९० दिन म्याद भएको बिडबन्ड वा ने.बै.लि. भक्तपुर स्थित यस केन्द्रको धरौटी हि.नं. ३१६८ख३/१९-५१-८५१५ मा जम्मा गरेको भौचर पेशगर्नुपर्ने छ र बोलपत्रस्वीकृत भइसकेपछि स्वीकृत बोलपत्रदाताले कबोल अङ्कको ५% बराबरको कम्तिमा ९० दिन म्याद भएको परफरमेन्स बन्ड वा नपुग धरौटी रकम थप जम्मा गर्नुपर्नेछ ।

७. रीत नपुगेको वा म्याद नाघी आएको बोलपत्रमाथि कुनै कारवाही गरिने छैन ।

८. बोलपत्रस्वीकृत गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा सुरक्षित रहनेछ ।

९. बोलपत्रसम्बन्धी कुनै कुरा बुझ्नुपरेमा कार्यालय खुलेको समयमा यस केन्द्रमा बुझ्न सकिनेछ ।